# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## राजविराज नगरपालिका

## सप्तरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## राजविराज नगरपालिका

## सप्तरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## राजविराज नगरपालिका

सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

यस नगरपालिकाको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । यस पालिकामा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यस नगरपालिकाको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट पालिकाको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । यस पालिकाको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनलय, मधेश प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ८४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
राजविराज नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सप्तरी ।

**कैफियत सहितको राय**

हामीले राजविराज नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

**१.** नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

**२.** लेखापरीक्षणबाट रू. ६ करोड ९९ लाख ५६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९४ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९६ लाख १५ हजार, नियमित गर्नुपर्ने रु २ करोड ३५ लाख ६५ हजार र पेश्की रू. १ करोड ७३ लाख ७३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५८ करोड १५ लाख ४८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ६५ करोड १५ लाख ४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

**३.** नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

**४.** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका

छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ११९ | ६९९५६ | ० | ० | ० | ६२ | ११९ | ६९९५६ | ९४०३ | २३५६४ | १९६१५ | ० | ० | ४३१८० | १७३७३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्योट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| राजविराज नगरपालिका सप्तरी | ५८१५४८ | ० | ० | ५८१५४८ | ० | ६९९५६ | ६५१५०४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : राजबिराज नगरपालिका, सप्तरी ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Madan Kumar Thapa | २०७६-९-१७ | २०७८-११-३० |
| कार्यालय प्रमुख | भोगेन्द्र प्रसाद यादब | २०७८-१२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Satrughan Lal Das | २०७८-८-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६९,९५६,१६६.३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३८,७०,२७,२१४.६८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६२,५४,३६,३०० | **चालु खर्च** | ४५,२३,९२,८७१ |
| **प्रदेश सरकारबाट अनुदान** | १४,४७,९८,००० | **पूँजीगत खर्च** | ३१,४६,८४,०१५ |
| **राजश्व बाँडफाँट** | ११,७४,५२,१११ | **वित्तीय/अन्य व्यवस्था** | ६,६६,७५,४५१ |
| **आन्तरिक आय** | २,३४,६२,०४४ | | |
| **अन्य आय** | ० | | |
| **कुल आय** | ९१,११,४८,४५५ | **कुल खर्च** | ८३,३७,५२,३३७ |
| **बाँकी मौज्दात** | | ४६,४४,२३,३३२.६८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १६ वडा, ८१ सभा सदस्य, ५५ वर्ग किलोमिटर क्षेत्रफल तथा ६९ हजार ८ सय ३ जनसङ्ख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको सीमा र क्षेत्रः<br><br>उल्लिखित कारोबारको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना, कार्यालयगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवम अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड अनुसार तयार गरिएको NAMS ले प्रदान गरेको नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।६।११ मा छलफल सम्पन्न भएको छ । छलफलपछि कायम भएको व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रकम असुल भई सम्बन्धित सञ्चित कोषमा दाखिला भएको छ ।<br><br><table><tr><th>क्र.सं</th><th>विवरण</th><th>दाखिला रकम रु.</th></tr><tr><td>१</td><td>दिवा खाजा बापत विद्यालयहरुलाई बढी भुक्तानी</td><td>५,२४,६२०.००</td></tr></table></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| २ | पोशाक भत्ता बापतको बढी भुक्तानी | १०,०००.०० |
| ३ | संघीय सञ्चित कोषमा अनुदान फिर्ता | ९,६८,६२,४०७.४४ |
| ४ | प्रदेश सञ्चित कोषमा अनुदान फिर्ता | ३,४८,९२,३५४.२४ |
| जम्मा रकम | | १३,२२,८९,३८१.६८ |

६

**वित्तीय विवरण** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि. नं | विवरण | रकम रु. | सि.नं | विवरण | रकम रु. |
| १ | गत वर्षको जिम्मेवारी | ३८७०२७२१४.६८ | १ | नगरपालिका चालु | १४८८४८८८२.८१ |
| | नगद | | २ | नगरपालिका पूँजीगत | ११०४९९५६१.९८ |
| | बाँडफाँडबाट प्राप्त राजस्व खाता | १५५८५६६२.०६ | ३ | सम्पुरक कोष न.पा.निसर्त पूँजीगत खर्च | १५१३५४५२.१९ |
| | आन्तरिक अनुदान खाता | ९५९२८८६३.०० | ४ | वडा योजना पूँजीगत निसर्त | २६९१४१३३.४९ |
| | सञ्चित कोष | २३५४०१०५७.८७ | ५ | वडा सञ्चालन तथा अन्यकार्यक्रम खर्च निसर्त | २४६४८७८३.२० |
| | चालु खाता | ७९०९६६२.१३ | ६ | शिक्षा निसर्त चालु | १४९०२१२.३५ |
| | पूँजीगत खाता | ६३९२७००.३८ | ७ | स्वास्थ्य निसर्त चालु | ४५६०२५५.५९ |
| | कर्मचारी कल्याण कोष | ३६८८३९३.९५ | ८ | कृषि निसर्त चालु | २९९९३००.०० |
| | धरौटी बाँकी | १४७९५७०५.५१ | ९ | पशु निसर्त पूँजीगत | २४९८७६६.६० |
| | प्रकोप व्यवस्थापन कोष | १०८७८०५.०० | १० | स्वास्थ्य निसर्त पूँजीगत | २०००००.०० |
| | विविध खर्च खाता | ६२३७३६४.७८ | ११ | संघीय सरकारबाट हस्तान्तरित पुँजीगत | ६५३२८४५५.२६ |
| २ | संघीय वित्तिय हस्तान्तरण | | १२ | प्रदेश सरकारबाट हस्तान्तरित पुँजीगत | ९४१०७६४८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | क वित्तीय समानीकरण अनुदान | १९३४००००००.०० | १३ | संघीय सर्शत चालु | २६९८४५४३७.३० |
| | ख सर्शतअनुदान | ३८५१३६३००.०० | १४ | बिषयगत निकायको चालु | |
| | ग विशेष अनुदान | ४६९००००००.०० | १५ | सामाजिक सुरक्षा | २०९१७७६९३.०० |
| | घ समपुरक अनुदान | | १६ | अन्य खर्च | |
| ३ | प्रदेश वित्तीय हस्तान्तरण | | | कर्मचारी कल्याण कोष | ४९६५४९३.२३ |
| | वित्तीय समानीकरण अनुदान | १३७९८०००.०० | | प्रकोप व्यवस्थापन कोष | १२८१००.०० |
| | सर्शत अनुदान | १२६००००००.०० | | युनिसेफ | ५४९४०००.०० |
| | प्रदेश समपुरक अनुदान | २००००००.०० | | सडक बोर्ड | ८४५१६९१.०६ |
| | प्रदेश विशेष अनुदान | ३००००००.०० | १७ | धरौटी फिर्ता | २५२८९०३०.५१ |
| ४ | राजश्व बाँडफाँड | | १८ | संघीय तथा प्रदेश सरकार लाई फिर्ता | ६६६७५४५१.०० |
| | राजश्व बाँडफाँड सँघ | ११२५३९५५९.०९ | १९ | श्रेष्ता अनुसार बाँकी मौज्दात | |
| | राजश्व बाँडफाँड प्रदेश | ४९१२५५२.०० | | आन्तरिक राजस्व खाता | ५६५१२९५.३० |
| ५ | विषयगत निकासा रकम | | | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ३३३९१६३५.४० |
| | सामाजिक सुरक्षा | २०९१७७६९३.०० | | आन्तरिक अनुदान खाता | ५१८६१.०० |
| ६ | आन्तरिक आय | | | सञ्चित कोष | २०१७४४६२७.९८ |
| | आन्तरिक राजश्व | २३४६२०४४.१४ | | चालु खाता | ४९२९११७५.७५ |
| ७ | धरौटी प्राप्ती | ३०१७०८९८.६८ | | पूँजीगत खाता | १५४६९१८७८.६४ |
| ८ | अन्य प्राप्ती | | | कर्मचारी कल्याण कोष | १०१८९०.१३ |
| | बिबिध खर्च खाता | २६०६८३९१.४६ | | धरौटी बाँकी | १९६७७५७३.६८ |
| | कर्मचारी कल्याण कोष | ४८६४५४४.३६ | | प्रकोप व्यवस्थापन कोष | १५२११३०.७८ |
| | प्रकोप व्यवस्थापन कोष | १२३२७४.२२ | | बिबिध खर्च खाता | १५१९९०५५.४० |
| | जम्मा | १५६८५८०४७१.६३ | | जम्मा | १५६८५८०४७१.६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | | **घटी जिम्मेवारी**<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ती र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ। गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोष, प्रकोप व्यवस्थापन कोष र धरौटी खातामा रहेको मौज्दात रु.३८,७०,२७,२१४।६८ जिम्मेवारी सार्नु पर्नेमा सुत्रको म.ले.प.फा.नं. २७२ अनुसार रु.१७,५७,४६,९२३।७८ जिम्मेवारी सारेको पाइयो । कार्यालयको स्रेस्तामा पनि तोकिएको समयमा सञ्चित कोषमा स्थानन्तरण गरी हिसाब मितान गर्नुपर्दछ । | |
| ६ | | | **सञ्चित कोषमा स्थानान्तरण :-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात पनि चालु खर्च खातामा रु. ४,९२,९१,१७५।७५ पूँजीगत खर्च खातामा रकम रु. १५,४६,९१,८७८।६४ गरी रकम रु. २०,३९,८३,०५४।३९ मौज्दात रहेको पाइयो । स्रेस्तामा स्थानान्तरण नगरेपनि राष्ट्रिय वाणिज्य वैंकले मिति २०७९।४।१५ मा सबै रकम सञ्चित कोष खातामा स्थानान्तरण गरेको छ । कार्यालयको स्रेस्तामा समेत तोकिएको समयमा सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ७ | | | **अनुदान फिर्ताः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ बमोजिम वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभइ बाँकी रहेको अनुदानहरुको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको म.ले.प.फा.नं. २७२ को अनुसूची २१ बमोजिम संघीय स्रोत तर्फको रकम रु.९,६८,६२,४०७।४४ तथा प्रदेश स्रोततर्फको रकम रु.३,४८,९२,३५४।२६ समेत रकम रु.१३,१७,५४,७६१।७० आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम सम्बन्धित सञ्चित कोषमा लेखापरीक्षणको क्रममा मात्र फिर्ता गरेको छ । कार्यालयले निर्दिष्ट समयमा हिसाब मिलान गरी सम्त्रन्धित सञ्चित कोषमा रकम फिर्ता गर्नुपर्दछ । | |
| ८ | | | **बैंक हिसाब मिलान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार नगरपालिकाको कारोवार, आय व्ययको लेखाप्रणाली तथा रावश्व र खर्च शीर्षकको वर्गीकरणअनुसार राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले म.ले.प.फा.नं. २१२ तयार गरी बैंक हिसाव विवरण भिडान गरेको देखिएन । नगरपालिकाले पेश गरेको विवरण अनुसार स्रेस्ता अनुसार कुल बाँकी रकम रु.४१,५६,३९,२४८।३८ र बैंक अनुसार कुल बाँकी रकम रु.४८,१३,२२,१२४।०६ रहेको देखिन्छ । अतः स्रेस्ता भन्दा रु.६,५६,८२,८७५।६८ बैंकमा बढी रकम बाँकी रहेको देखिएकाले नगरपालिकाले म,ले,प,फा,नं, २१२ तयार गरी स्रेस्ता र बैंक बिच हिसाब मिलान तयार गरी अद्यावधिक गर्नुपर्दछ । | |

| क स | खाताहरुको नाम | स्रेस्ता अनुसारको बाँकी रु. | बैंक अनुसारको बाँकी रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | ग १.१ - आन्तरिक राजस्व खाता | ५,६५१,२९५.३० | ५,६५१,२९५.३० | |
| २ | ग १.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता | ३३,३९१,६३५.४० | ३३,३९१,६३५.४० | |
| ३ | ग १.३ - आन्तरिक अनुदान खाता | ५१,८६१ | ५१,८६१ | |
| ४ | ग २.१ - चालू खर्च खाता- विजोर वर्ष | ३४,०५०,२३२.२९ | ४९,२९१,१७५.७५ | -१५,२४०,९४३.४६ |
| ५ | ग २.३ - पूँजीगत खर्च खाता- विजोर वर्ष | १०४,२४९,९४६.४२ | १५४,६९१,८७८.६४ | -५०,४४१,९३२.२२ |
| ६ | ग २.७ - विविध खर्च खाता | १५,१९९,०५५.४० | १५,१९९,०५५.४० | |
| ७ | ग ३.१ - स्थानीय तह धरौटी खाता | १९,६७७,५७३.६८ | १९,६७७,५७३.६८ | |
| ८ | ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता | २०१,७४४,६२७.९८ | २०१,७४४,६२७.९८ | |
| ९ | ग ५.१ - स्थानीय तह विविध कोष खाता | १०१,८९०.१३ | १०१,८९०.१३ | |
| १० | ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १,५२१,१३०.७८ | १,५२१,१३०.७८ | |
| | जम्मा बाँकी | ४१५,६३९,२४८.३८ | ४८१,३२२,१२४.०६ | -६५,६८२,८७५.६८ |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **सबै कारोबार नसमेटेको**<br><br>कार्यालयले आर्थिक कारोवार सञ्चालन गर्दा स्थानीय सञ्चितकोष प्रणाली (SUTRA) सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट सञ्चालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, युनिसेफ आदी) सूत्रमा प्राविष्टि गरी सोअनुसार म.ले.प.फा.नं २७२, र २७२ को सहायक अनूसूची-१ देखि २४ सम्म पूर्णरुपमा तयार गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा सोअनुसार सबै कारोवार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूची १ देखि २४ सम्म बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको लगायतका कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले सबै कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ । | |
| १० | | | **वार्षिक प्रतिवेदनः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको त्रैमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्नेमा नगरपालिकाले विवरणहरु तोकिएको निकायमा पठाएको देखिएन । अतः कानूनको परिपालना गरी तोकिएको निकायमा विवरण पठाउनुपर्दछ । | |
| ११ | | | **विवरण सार्वजनिकः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खर्चको प्रगति विवरण तथा आय व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानून बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | |
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणाली :-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यससम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्राभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेखन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>•नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सोबमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमश स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान समिति र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले उक्त समिति गठन गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यकममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।<br>•नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिइएको पाइएन । साथै ETDS समेत गरेको छैन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउँने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा २ अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएपनि सोव्यवस्थाको उपयोग गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०७४ दफा ४ अनुसार नगरपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता गरेको पाइएन ।<br>• नगरपालिकामा सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षीत र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाइ अनिवार्य गर्नुगराउनु पर्नेमा अधकांश पालना भएको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न संयन्त्र तय गरेको पाइएन ।<br>• नगरपालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• म.ले.प.फा.नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत तथा ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• समपूरक तथा विशेष अनुदान निर्देशिका, २०७५ बमोजिमका प्रतिवेदन तालुक निकायमा पठाउने गरेको पाइएन ।<br>• योजनालाई प्राथमिकीकरण गरी सो अनुरुप कार्यान्वयन गरेको छैन ।<br>• नगरपालिकामा भएको विभिन्न्न कोषहरु सञ्चालन तथा व्यवस्थापन गर्न कुनैपनि कार्यविधि कानून वनाएको पाइएन ।<br>• नगरपालिकाा अन्तर्गतका विद्यालयमा विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको एवं विद्यालय मर्जरको कार्यक्रम अगाडि वढाएको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोबारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NPSAS अनुसार प्रतिवेदन गर्नुपर्ने व्यवस्था भएपनि सोको पालना भएको नदेखिएकोले स्वीकृत ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नुपर्दछ ।<br>• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सोको अभिलेखिकरण गरेको पाइएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | | **आयोजना प्राथमिकीकरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठूला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । नगरपालिका भित्रका आयोजनालाई प्राथमिकीकरण गरी सोअनुरुप बजेट व्यवस्थापन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । | |
| १४ | | | **आयोजना बैंकः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आवधिक योजना र आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ । | |
| १५ | | | **खरिद योजनाः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । तर नगरपालिकाले वार्षिक खरिद योजना तयारनगरी खरिद कार्य गर्ने गरेको छ । जसले गर्दा समयमा ठेक्का व्यवस्थापन नहुने, उपयुक्त समयमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्ति नहुने , समयमा नै निर्माण कार्य सम्पन्न नहुने र पूँजीगत खर्च पनि वर्षान्तमा अध्याधिक पुगेको देखिन्छ । अतः वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **बजेट पारित तथा अख्तियारीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगरपालिका उपप्रमुखले मिति २०७८।३।९ गते रु.९८ करोड ६८ लाखको बजेट नगरसभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पारित भएको बजेट कानूनमा व्यवस्था भएको समयभित्रै अख्तियारी दिनु पर्दछ । | |
| १७ | | | **बजेट विनियोजनः**<br><br>आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७७ अनुसार नगरपालिकाले करारमा कार्यरत कर्मचारीहरुको लागि रु.९६,३४,०४०।- तलब खर्च लेख्दा करार सेवा शुल्क (२२४१३) बाट खर्च लेख्नुपर्नेमा खर्च शीर्षक २११११ बाट खर्च लेखेको पाइयो । यसरी फरक खर्च शीर्षकबाट खर्च लेख्दा कारोबारको शुद्दता र यथार्थता नहुने भएकोले सम्बन्धित खर्च शीर्षक बमोजिम नै बजेटको विनियोजन र खर्च लेख्नु पर्दछ । | |
| १८ | | | **बजेट विनीयोजन -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७५ को दफा ७१ को उपदफा २ बमोजिम नगरसभाको वैठकले आय व्ययको प्रक्षेपण गर्दा वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण,चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्ने प्रावधान छ । तर नगरपालिकाले आ.व २०७८/७९ को अनुमान मात्र उल्लेख गरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । बजेट अनुमान र यथार्थ खर्चको स्थिति देहायनुसार छ ।<br><br>क स \| विवरण \| वार्षिक अनुमान रु. \| यथार्थ खर्च रु.<br>१ \| संघीय सरकार अनुदान \| ६९५,४३६,०००।०० \| ४६२,४६५,०००।००<br>२ \| प्रदेश सरकार अनुदान \| १३८,९८३,०००।०० \| ८९,७९५,०००।००<br>३ \| राजश्व बाँडफाड \| १११,४३८,०००।०० \| ८१,६३२,०००।००<br>४ \| आन्तरिक आय \| २१६,७२५,०००।०० \| १८७,९०५,०००।००<br>कुल जम्मा \| १,१६२,५८२,०००।०० \| ८२१,७९७,०००।००<br><br>यसवाट गत वर्षको बजेटसँग तुलना गर्न सक्ने अवस्था देखिएन । अतः ऐनको व्यवस्था अनुसार आय व्ययको अनुमान गर्नुपर्दछ। | |

१९

**क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ.व.२०७८।७९ को संशोधित क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट रु. | खर्च रकम रु. | कुल खर्चमध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १,७६,००,००० | १६,६०,१३९ | २.०२ |
| सामाजिक क्षेत्र | ४२,८८,८९,००० | ३१,५३,७२,५८७ | ३८.३८ |
| भौतिक पूर्वाधार विकास | ४०,३०,३८,३०० | २१,०६,८६,०१६ | २५.६४ |
| सुशासन र संस्थागत विकास | ४६,०४,००० | ३८,८९,२८९ | ०.४७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ३०,८९,५१,४५१ | २७,५२,४७,६११ | ३३.४९ |
| जम्मा | १,१६,३०,८२,७५१ | ८२,१७,९८,४४२ | १००.०० |

माथि प्रस्तुत तालिका अनुसार नगरपालिकाले सामाजिक क्षेत्रमा सबैभन्दा बढी अर्थात रु .४२,८८,८९,०००।- र सबैभन्दा कम सुशासन र संस्थागत विकास शीर्षकमा अर्थात रु. ४६,०४,००० विनियोजन गरेको छ । कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा सामाजिक क्षेत्रमा नै सबै भन्दा बढी अर्थात करिव ३८ प्रतिशत र सुशासन र संस्थागत विकासमा सबैभन्दा कम अर्थात ०.४७ प्रतिशत खर्च प्रगति भएको छ । लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरपालिका तथा नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनु पर्दछ ।

२०

**चौमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गरेको बार्षिक पूँजीगत खर्च रु.३०,२७,२९,०००।- मध्ये तेस्रो चौमासिकमा रु.२४,२६,८४,०००।- खर्च भएको छ भने आषाढ महिनामा मात्र खर्च रु.१५,६३,५५,०००।- भएको छ । यसरी वर्षान्तमा अधिक खर्च गर्दा सन्तुलित खर्च नहुने र कामको गुणस्तरमा समेत असर पर्ने हुनाले खरिद योजना तयार गरी सन्तुलित रुपमा पूँजीगत खर्च गर्नुपर्दछ ।

| सि.नं | ब.उ.शि.नं. | कुल खर्च | चौमासिक खर्च रु. | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | न. पा. पूँजीगत | १५२४७३ | २६३९१ | ३३४६२ | ९४६२० | ३२२०१ |
| २ | प्रदेश शशर्त पूँजीगत | २४९२८ | - | - | ८४९२८ | ७२९५८ |
| ३ | संघीय शशर्त पूँजीगत | ६५३२८ | | २१९२ | ६३१३६ | ५११९६ |
| पुजीगत जम्मा | | ३०२७२९ | २६३९१ | ३५६५४ | २४२६८४ | १५६३५५ |

२१

**अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु. ३२ लाख ८३ हजार भैपरी आउने पूँजीगत खर्च राखेको छ । उक्त भैपरी आउने पूँजीगत खर्च रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पूँजीगत शीर्षकमा खर्च गरेको छ । भैपरी आउने शीर्षकमा पूँजीगत खर्च राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

२२

**योजना/ठेक्का व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा व्यवस्था भए बमोजिम बार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आहवान गर्ने जस्ता कार्य समेत प्रथम चौैमासिक अवधि भित्र सम्पन्न गरी सक्नुपर्ने व्यवस्था रहेतापनि नगरपालिकाबाट यस वर्ष निम्नानुसारको खरिद सम्झौता भएको छ ।

| | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| **जम्मा** | १८८ | २१५४५५ | | | ६० | ६४६३६ | १२८ | १५०८१९ | १०० | ११३११४ | १८८ | २१५४५५ |

प्रस्तुत् तालिका अनुसार नगरपालिकाबाट वर्षभरिमा कुल १८८ वटा ठेक्का सम्झौता भएकोमा (उपभोक्ताबाट कार्य गराएको समेत) १२८ वटा तेस्रो चौमासिकमा र १०० वटा आषाढ महिनामा मात्र सम्झौता भएको छ । यसबाट सन्तुलित रुपमा खर्च नहुने , गुणस्तरीय कार्य नहुने जस्ता समस्याहरु सृजना हुन जान्छ । अतः कानूनमा भएको प्रावधान बमोजिम प्रथम चौमासिकबाट नै योजनावद्द ठेक्का सम्झौता तथा कार्यान्वयन गर्नु पर्दछ ।

२३

**योजना छनौटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक नगरविकास योजना २०७८/०७९ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहायअनुसार छनः-

| रु. १ लाखसम्म | रु. १ लाखदेखि रु. २ लाखसम्म | रु.२ लाखदेखि रु.५ लाखसम्म | रु. ५लाख देखि रु. १० लाखसम्म | रु.१० लाखभन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| ६ | ३१ | ५३ | ५१ | ४७ | १८८ |

उपर्युक्त विवरणअनुसार नगरपालिकाले यस वर्ष जम्मा १८८ वटा योजना सञ्चालन गरेकोमा रु ५ लाख भन्दा मुनिका ९० वटा योजना छन् जुन कुल आयोजना संख्याको ४८ प्रतिशत हुन आउछ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, सामाजिक, मानवीय आदि हिसावले साधनहरुको लागतको तुलनामा प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिएकोले योजना छनौट कार्यमा सुधार गर्नुपर्दछ ।

२४ **गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। नगरकार्यपालिकाको कार्यालययबाट खरिद गरिएका कुनैपनि मालसामानको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको देखिंदैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

२५ **कर्मचारी व्यवस्थापनः**

निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो बर्ष आफ्नो नियमित कार्य सञ्चालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा सङ्गठनात्मक सर्वेक्षणको माध्यमद्धारा दरबन्दी कायम नगरी पटके निर्णयको आधारमा विभिन्न प्राविधिक तथा अप्राविधिक पदमा समेत ज्यालादारीमा कर्मचारी राखेको छ । यस कार्यालयले प्राविधिक पदसहित विभिन्न पदहरुमा दैनिक ज्यालादारीको रुपमा डोर हाजिरमार्फत रकम रु.१,६९,७९,६६१।- भुक्तानी गरेको पाइयो । कर्मचारीहरुको उचित व्यवस्थापन गरी दरवन्दी भन्दा बढी कर्मचारी तथा दरवन्दी वेगर करारमा कर्मचारी राख्ने परीपाटीमा नियन्त्रण गर्ने र दरवन्दी भन्दा बढी कर्मचारी नियुक्ती दिई तलव भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ । त्यस्तै नगरपालिकाले कार्य परिमाण तथा कार्य बोझसमेतको आधारमा आफैंले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरबन्दी कायमसमेत नगरी ज्यालादारीमा कर्मचारी राख्ने र तलब खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

२६ **तलवी प्रतिवेदनः**

| | | | | |
|---|---|---|---|---|
| | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) १ अनुसार कुनै पनि कर्मचारीको तलवी प्रतिवेदन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ (ख)२ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ। यस वर्ष कार्यालयले स्वास्थ्य तर्फका कर्मचारी वाहेक अन्य कुनैपनि कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी २११११ पारिश्रमिक कर्मचारी खर्च शीर्षकबाट रु. २४,८५,६०,२९९।०१ खर्च लेखेको छ । सबै कर्मचारीको विस्तृत तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान सम्बन्धमा यकिन हुने आधार रहेन । तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च गर्नुपर्दछ । | |
| २७ | | | **न्याय सम्पादनको स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२७ र यो वर्ष थप भएको १०७ गरी कुल २३४ विवाद दर्ता भएकोमा २६ वटा अदालत पठाएको र ५४ वटा मात्र फछ्र्यौट भई १५४ वटा मुद्दा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २८ | | | **कर्मचारी कल्याण कोषः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सोरकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५० लाख ५४ हजार ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ। | |
| २९ | | | **सेवा प्रवाहः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। नगरपालिकाबाट प्राप्त विवरणअनुसार यसवर्ष पञ्जिकरण ४७३९ , नाता प्रमाणित १६०० , घरबाटो सिफारिस ८७५, नागरिकता सिफारिस ९४२, व्यवसाय दर्ता ११० र नक्सा पास ५० गरेको पाइयो। नगरपालिकाले उपलब्ध गराउने सेवाहरु सूचना प्रविधिमार्फत सेवा प्रवाह गरी ऐनबमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| ३० | | | **जिन्सि व्यवस्थापन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिन्सी मालसमान कार्यालयमा प्राप्त भएको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कुनै प्रकारबाट कार्यालयमा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसमान को विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ। जिन्सी मालसमान कार्यालय प्रमुखको रेखदेखमा भण्डार प्रमुखले जिम्मा लिनुपर्ने, मूल्य नखुलेको सम्पत्ति कार्यालय प्रमुखबाट मूल्य कायम गरी श्रेस्ता राख्नुपर्ने, नियम ९९ मा जिन्सी मालसामानको निरिक्षण गर्नुपर्ने, नियम १०१ मा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने लगायतका जिन्सी श्रेस्ता सम्बन्धी व्यवस्था छ। जिन्सी श्रेस्ता व्यवस्थित गर्न मलेप फारम नम्बर ४०१ देखि ४१८ सम्म फारमहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७/०४/०१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ। आर्थिक वर्ष २०७७/०७८ देखि अनिवार्य उक्त प्रणालीमा जिन्सी अभिलेख राख्नु पर्दछ। यस कार्यालयले PAMS लागू गरेता पनि PAMS मा सबै जिन्सीको व्यवस्थित अभिलेख नराखेको, खरिद भएका खर्च हुने प्रकृतिका सामानसमेत माग फारामबाट खर्च घटाउने गरेको, जिन्सी निरीक्षण नगरेको, जिन्सीको वार्षिक विवरण तयार गरेको छैन। जसले गर्दा जिन्सी सामग्रीको अवस्था, उपयोग र जिम्मेवारी सम्बन्धमा यकिन गर्न सकिएन । यससम्बन्धमा नगरपालिकाले उचित ध्यान दिनुपर्दछ। अतः जिन्सी सामान सम्बन्धी विवरण तयार गरी PAMS प्रविष्टी गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । | |
| ३१ | | | **भ्रमण खर्च**<br><br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउँमा खाजा खर्चवापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी अनुगमन तथा मूल्याकंनमा रु.१४,३०,४६७।९२।- र भ्रमण खर्चमा रु.११,१४,४२०।- खर्च लेखेकोमा भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन व्यवस्थित राखेको छैन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ३२ | | | **मेशिनको प्रयोग :-**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्टयाईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन । | |
| ३३ | | | **बढी भुक्तानी :-** | १३,८०० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ६(क) मा पदाधिकारी वा कर्मचारीलाई सात दिनभन्दा बढि अवधिको लागि काज खटाउनु पर्ने भएमा भ्रमण आदेश गर्ने पदाधिकारले कारण खोली पदाधिकारी वा कर्मचारीलाई काजमा खटाउन सक्नेछ । साथै ऐ. नियमावलीको नियम ७ को उपनियम ६(ख) मा सात दिनभन्दा बढी अवधिको लागि दैनिक भत्ताको पचास प्रतिशत रकम मात्र पाउने व्यवस्था छ । तर कार्यालयले नगर प्रमुख शम्भुप्रसाद यादवलाई मिति २०७८।४।१६ देखि २०७८।४।२७ सम्म काठ्माडौं भ्रमण बापत रु. ३७,०००।- भुक्तानी गरेकोमा देहायबमोजिम बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नु पर्दछ ।<br>• बोर्डिङ पास र प्लेन टिकट नभएको रु. ३८०० ।<br>• दैनिक भ्रमण भत्ता १२ दिनको रु.१८,५००।- भुक्तानी गर्नपर्नेमा रु.२६५००।- बढी रकम रु.८,०००।-<br>• जोडजम्मा बढी भएको रकम रु.२०००।-
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३३.१</td><td>भ्रमण खर्च</td><td>१३,८००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३४</td>
<td>१<br>८</td>
<td>२०७८-<br>६-१५</td>
<td>बढी भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. ८ को घरभाडा भुक्तानीमा मिति २०७७ माघ देखि असार मसान्तसम्म हिसाब गर्दा ६ महिनाको भुक्तानी गर्नपर्नेमा ८ महिनाको भुक्तानी गरेकोले घरधनीबाट बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रकम रु...</td>
<td>२६,०००</td>
</tr>
<tr>
<td>३५</td>
<td></td>
<td></td>
<td>आर्थिक सहयोग<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायाता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । संघीय सरकारको राजश्व बाँडफाँड स्रोतबाट स्वास्थ्य उपचारको लागि देहायका पदाधिकारीहरुलाई आर्थिक सहयोग गरेको छ । यसरी गरिने आर्थिक सहयाता सम्बन्धमा उपयुक्त ऐन नियम वा कार्यविधि बनाई व्यवस्थित गर्नु पर्दछ ।
<table>
<tr><td>गो भौ नं/मिति</td><td>सहयोग प्राप्तकर्ताको नाम</td><td>बापत</td><td>सहयोग रकम रु.</td></tr>
<tr><td>२३४/२०७८/१२/१०</td><td>वडा नं ४ का वडाध्यक्ष मो. अख्तर अलि मिया</td><td>मोटरसाइकल दुर्घटनामा परेको र अस्पताल लैजादा मुटु रोगको समेत समस्या</td><td>१,००,०००</td></tr>
<tr><td rowspan="2">३३६/२०७९/१/७</td><td>जयराम यादव</td><td>कोभिडको सहयोग</td><td>१०,५०००</td></tr>
<tr><td>मो आलम खान</td><td>कोभिडको सहयोग</td><td>१,००,०००</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३६ | ४<br>१<br>७ | २०७९-<br>३-२३ | **पदभार ग्रहण खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले ख.शी.नं.२२५१२ सीप विकास तथा जनचेतामुलक तालिम गोष्ठीसम्बन्धी खर्च शीर्षकबाट निर्वाचित नयाँ पदाधिकारी पदभार ग्रहण कार्यक्रम बापत विभिन्न फर्महरुलाई रकम रु.१३,१८,३५८।९० भुक्तानी गरेको छ । सीप विकास तथा जनचेतना मुलक गोष्ठी खर्च शीर्षकबाट पदभार ग्रहणका लागि गरिएको खर्च नियम संगत र औचित्यपूर्ण नदेखिएकोले नियमित गर्नुपर्ने रकम रु. | १,३१८,३५<br>८.९८ |
| ३७ | | | **विविध खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च शीर्षकमा कुल रकम रु.९७,२६,५१३।८६ खर्च गरेको छ । उक्त खर्च नगरपालिकाको कुल आन्तरिक आय रु.२,३४,६२,०४४।१४ को तुलनामा ४१.४६ प्रतिशत रहेको देखिन्छ । यस्तो खर्च खाना खाजालगतायतमा खर्च हुने गरेको देखिन्छ । नगरसभाले नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजाको दर तोकेको भए तापनि अन्य अवस्थामा त्यस्तो खर्च कसरी गर्ने वा नगर्ने भन्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन । कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि नगरपालिकाले यस्तो खर्चमा कुनै मापदण्ड विकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरे तापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन् । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाउँदै यस्तो खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| ३८ | | | **वितरणमुखी खर्च**<br><br>कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखी कार्यक्रमले पूँजी निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजीगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखी एवम् आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी विगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई उद्दार राहत पुनर्स्थापना शिर्षकमा कूल रु ९२,७९,४४०।- वितरण गरेको देखिन्छ । यस्तो खर्चलाई निश्चित मापदण्ड तयार गरेर मात्र खर्च गर्नु पर्दछ । | |
| ३९ | | | **पदाधिकारी सुविधा**<br><br>मधेस प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर नगरपालिकाले यो बर्ष देहाय बमोजिम पदाधिकारी खर्च बापत रकम रु.३,०९,०१,९३३।०३ खर्च गरेको देखिएको छ । | |

| विवरण | खर्च रकम रु. |
|---|---|
| पारिश्रमिक पदाधिकारी | २,८१,८०,९५५। |
| पदाधिकारी बैठक भत्ता | २,०८,५००। |
| पदाधिकारी अन्य सुविधा | ४,५०,०००. |
| इन्धन पदाधिकारी | २०,६२,४७८।०३ |
| जम्मा | ३,०९,०१,९३३।०३ |

| | | | | |
|---|---|---|---|---|
| ४० | | | **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन**:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाखभन्दा बढिको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर नगरपालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन शीर्षकमा सोझै खरिदमार्फत कुल रु.२१,३३,९३५।५९ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । | |
| ४१ | | | **घर भाडा**:- नगरपालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शीर्षकमा कुल रु.९,१७,०००।- खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको दर निर्धारणको तरिका र निर्णय पेश नभएकोले भुक्तानी भएको रकम यथार्थ हो भनी यकिन गर्न सकिएन । घर भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दर कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ । | |
| ४२ | | | **स्थानीय भत्ता**:- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधासम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । तर पालिकाले कानून नबनाई नगरसभाको बैठकको मिति २०७८।३।९ को निर्णय नं ९।३८ निर्णयका आधारमा नगरपालिका स्थायी र करारका कर्मचारीहरुलाईसमेत यो बर्ष रु.३३,१९,०००।-स्थानीय भत्ता बापत प्रदान गरेको छ । यस्तो सुविधा रकम भुक्तानी गर्दा आन्तरीक आयलाई मध्यनजर गरी आवश्यक कानून तथा कार्यविधी बनाई व्यवस्थित गर्नुपर्दछ । | |
| ४३ | | | **वडा सञ्चालन खर्च**:- राजविराज नगरपालिका चालु तर्फको वडा कार्यालयका लागि वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकमा विनियोजित बजेट रकम रु.१,५४,५०,०००।- मध्ये रकम रु.१,४४,५८,८८५।।२४ खर्च गरेको छ । उक्त वडा सञ्चालन खर्च रकमबाट वडामा ज्यालादारीमा कार्यरत कर्मचारीको पारिश्रमिक, बैठक भत्ता, कार्यालय सामान खरिद ,सवारी साधन मर्मत, Internet महसुल , पत्रपत्रिका, चिया खाजा, क्याटरिङका आइटमहरु आदि खरिद गरेको देखिन्छ । यसबाट नगरपालिकाको केकस्ता शीर्षकमा कसरी खर्च भइरहेको छ भन्ने जानकारी नहुने भएकोले नेपाल सरकारको आर्थिक वर्गीकरण व्याख्या, २०७७ बमोजिम वडा सञ्चालन खर्चलाई पनि विस्तृत रुपमा बाँडफाँड गरी आन्तरिक नियन्त्रण प्रणाली मजवुद बनाउनु पर्दछ । | |

<table>
<tr><td>४४</td><td></td><td></td><td>औषधी खरिद :- नगरपालिकाले यस वर्ष चालु शीर्षकबाट रु. ४९ लाख मुल्य बराबरकोको औषधी तथा स्वास्थ्य उपकरण खरिद गरेको छ । विभिन्न औषधीहरु निःशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । पालिकाले औषधी खरिद गर्दा सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सो अनुरुप लागत अनुमान तयार गरेको देखिएन ।जसले गर्दा खरिद कार्य मितव्ययी भयो भनी यकिनका साथ भन्न सक्ने अवस्था रहेन । लागत अनुमान तयार गर्दा खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । त्यस्तै सम्झौताको शर्तहरुमा औषधी WHO GMP Certify Company बाट उत्पादन भएको हुनुपर्ने तथा निःशुल्क छाप लगाएको हुनुपर्ने जस्ता विषय समेत समावेश नगरी सम्झौता गरेको पाइयो । यसरी सम्झौता गरी भुक्तानी दिने प्रवृत्तिमा सुधार गर्दै पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>आयकर कट्टा<br><br>आयकर ऐन २०५८ को दफा ८७ बमोजिम नेपालमा स्रोत भएको प्राकृतिक व्याक्तिलाई बैठक तथा अनुगमन भत्ता भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम बैठक भत्ता रकम भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम आयकर कट्टी नगरी १ प्रतिशत मात्र कट्टी गरेकोले बढी रकम भक्तानी भएकोमा सम्बन्धित पदाधिकारीहरुबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रकम रु.
<table>
<tr><td>गो भौ नं/मिति</td><td>व्यहोरा</td><td>भुक्तानी रकम रु.</td><td>कट्टी गर्नुपर्ने रकम रु.</td><td>कट्टी गरेको रकम रु.</td><td>कट्टी गर्न छुट रकम रु.</td></tr>
<tr><td>५/२०७८/६/११</td><td>पालिकाले विभिन्न पदाधिकारीहरुलाई २०७६ मा ९ महिनाको बैठक भत्ता बापत छुट हुन गएको रकम भुक्तानी</td><td>५४०००</td><td>८१००</td><td>५४०</td><td>७,५६०</td></tr>
<tr><td>७/२०७८/६/११</td><td>पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी</td><td>९,८१,०००</td><td>१४७१५०</td><td>९८१०</td><td>१,४७,३४०</td></tr>
<tr><td>४४७/२०७९/३/१९</td><td>पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी</td><td>८२३५००</td><td>१२३५२५</td><td>८२३५</td><td>१,१५,२९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>२,७०,१९०।</td></tr>
</table></td><td>२७०,१९०</td></tr>
</table>

<table>
<tr><td>४६</td><td></td><td>२०७८-१२-२६</td><td>फरक शीर्षकः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) बमोजिम कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले संघीय सरकाबाट हस्तान्तरित सशर्त कार्यक्रमबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कम्प्युटर तथा फर्निचर खरिद गरी रु.१,३३,८५५।- खर्च लेखेको देखिएकोले नियमसम्मत नदेखिएको ...........</td><td>१३३,८५५</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>नन फाइलर<br><br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयम् निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिनभित्र कर अधिकृत समक्ष कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले लामो समयदेखि नन फाईलर रहेका देहाय बमोजिमका आपुर्तिकर्ताहरुसँग समेत विभिन्न सामानहरु खरिद गरिरहेको नियम संगत र औचित्यपूर्ण देखिएन । मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रकम रु.
<table>
<tr><th>गो.भौ.नं/ मिति</th><th>पान नं</th><th>आपुर्तिकर्ताको नाम</th><th>नन फाईलर भएको मिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७३/२०७८/९/२</td><td>६०१२६०५५५</td><td>मदिना फूड एण्ड जनरल स्टोर</td><td>७०/७१</td><td>५९,६७५</td></tr>
<tr><td>३६९/२०७९/२/१</td><td>६०८४७२९४०</td><td>अकिल स्टोर्स सप्लायर्स</td><td>२०७६/२०७७</td><td>३३८४०२</td></tr>
</table></td><td>३९८,०७७</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>सोझै खरिदः<br><br>कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधानबमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी पुस्तक तथा सामाग्री शीर्षकमा कुल रकम रु.५९,७६,८९८.७६।- खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानूनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी र किफायती बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>मर्मत अभिलेखः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी वर्ष भरीमा कुल रकम रु. ३३,२०,२५४।५४ खर्च लेखेको छ । साथै सवारी साधनको मर्मत कार्य गराउँदा सम्बन्धित फर्मलाई भुक्तानी नगरी सम्बन्धित सवारी चालकहरुले भुक्तानी लिई फर्मलाई बुझाएको देखिन्छ । नगरपालिकाले सम्बन्धित फर्मलाई विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्रकृया अगाडि बढाउनु पर्दछ साथै नियमको पालनातर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **इन्धन खर्चः**- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धन (पदाधिकारी) मा रकम रु.२०,६२,४७८।०३ र इन्धन कार्यालय प्रयोजनको लागि रु. ४५,५१,३५४।९० गरी कूल रु.६६,१३,८३२।९३ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ५१ | | | **कोभिड खर्चः**<br><br>नगरपालिकाले यो वर्ष प्रकोप व्यवस्थापन कोषबाट कोभिड अस्पतालमा कार्यरत कर्मचारीको तलव भत्ता बापत रु.२,६४,१८०।- औषधि खरिद बापत रु.४९,९५४।-र विविध खर्च बापत रु.१,३९,३४०।-समेत जम्मा रु ४,५३,४७४।-खर्च गरेको छ। कोभिड १९ उपचारको अभिलेख नगरपालिकाले नराखेको हुँदा खर्चको उपादयेता मूल्याङ्कन गर्न सकिएन । यसतर्फ नगरपालिकाको ध्यान आकृष्ट गरिन्छ । | |
| ५२ | | | **अनुगमन प्रतिवेदनः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कोभिड १९ विरुद्धको खोप अभियान सञ्चालन व्यवस्थापन खर्च अन्तर्गत सुपरिवेक्षण कार्यका लागि एकमुष्ट रु.९०,०००।- रकम भुक्तानी गरेको भरपाई रहेको देखिन्छ । एकमुष्ट रुपमा रकम भुक्तानी गरेकोमा अनुगमन गरेको विवरण तथा अभिलेख संलग्न नगरेको हुदाँ अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ९०,००० |
| ५३ | | | **लागत साझेदारीः** | |
| ५३.१ | | | लागत साझेदारीअन्तर्गत गरिने निर्माण कार्यको लागि तोकिएबमोजिमको अनुपातमा सम्बन्धित बजेट शीर्षकबाट खर्च लेखुनुपर्दछ । नगरपालिकाले अधुरो सामनुदायिक भवन निर्माणको लागि प्रदेश अनुदानबाट ३८.५७ प्रतिशत नगरपालिका पूँजीगतबाट ५१.४० प्रतिशत तथा उपभोक्ता समितिको योगदान १० प्रतिशत हुनेगरी रु.७७,७७,९२३।- को लागत अनुमान तयार गरेको देखिन्छ । नगरपालिकाले प्रथम रनिङ्ग बिलबाट रु.६,६७,७१०।- तथा दोस्रो रनिङ्ग बिलबाट रु.८,४४,६४०।- समेत रु.१५,१२,३५०।- को मात्रै काम गरी कार्यसम्पन्न प्रतिवेदन बनाई उपभोक्ताको अंश बाहेक रु.१३,६१,०९०।- भुक्तानी गरेकोमा तोकिएको अनुपातमा सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्नुपर्नेमा उक्त बिल बमोजिमको रकम प्रदेश सशर्त अनुदानबाट मात्रै खर्च लेखेकोले नगरपालिकाको अनुपात ५१.४० प्रतिशतले हुन आउने रु.६,९९,६००।- प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>५३.१.१ \| राजविराज नगरकार्यपालिकाको कार्यालय सप्तरी \| ६,९९,६०० | ६९९,६०० |

<table>
<tr>
<td>५३.२</td>
<td></td>
<td></td>
<td>लागत साझेदारी अन्तर्गत गरिने निर्माण कार्यको लागि तोकिएबमोजिमको अनुपातमा सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्नुपर्दछ । ठेक्का नं. ०३।०७८।०७९ को संघीय सरकारको विशेष अनुदानबाट ७२.०९ प्रतिशत तथा नगरपालिका पूँजीगतबाट २७.९१ प्रतिशत हुने गरी लागत साझेदारीमा निर्माण गर्ने गरी रू.२,७०,५०,६९६।८८ को लागत अनुमान तयार गरेको देखिन्छ । नगरपालिकाले एकीकृत फोहोरमैला व्यवस्थापन तथा फोहोर प्रशोधन केन्द्र निर्माणको लागि निर्माण व्यवसायी श्री साह निर्माण सेवा सुनसरीसँग मिति २०७९।०३।२५ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।१२।२९ गते रू.२,४३,७२,४७९।२२ (मू.अ.कर समेत) मा सम्झौता भएकोमा प्रथम रनिङ्ग बिलबाट रू.६२,९७,४८४।०४ भुक्तानी गरेकोमा तोकिएको अनुपातमा सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्नुपर्नेमा सम्पूर्ण बिल बमोजिमको रकम संघीय सशर्त अनुदानबाट मात्रै खर्च लेखेकोले नगरपालिकाको अनुपात २७.९१ प्रतिशतले हुन आउने रु.१७,५७,६२८।- संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु .
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>५३.२.१</td><td>राजविराज नगरकार्यपालिकाको कार्यालय सप्तरी</td><td>१७,५७,६२८</td></tr>
</table>
</td>
<td>१,७५७,६२८</td>
</tr>
<tr>
<td>५४</td>
<td>८३</td>
<td>२०७८-१२-१०</td>
<td>बढी रकम भुक्तानी :-<br><br>विद्यालय शिक्षकको तलबवापतको दोस्रो त्रैमासिकको रकम भुक्तानीमा सेवा निवृत भएका निम्न शिक्षकहरुको तलव र पोशाक भत्ता बढी भुक्तानी भएको देखिदा असुल गर्नुपर्ने रु.
<table>
<tr><td>शिक्षकको नाम</td><td>विद्यालयको नाम</td><td>अवकाश मिति</td><td>बढी भुक्तानी भएको विवरण</td></tr>
<tr><td>विनोद कुमार साह</td><td>केशो अ मा वि राजिवराज</td><td>२०७८/११/२२ गते</td><td>चैत्र महिनाको तलव- ५९९८९/१० र फाल्गुण महिनाको ८ दिनको तलब रु.१५,९७२।—</td></tr>
<tr><td>माया राम भगत</td><td>आधारभूत विद्यालय खैरसाल</td><td>२०७८/१२/२५ गते</td><td>चैत महिनाको ५ दिन बढी भुक्तान भएको रु. ७,४१३।६</td></tr>
</table>
</td>
<td>८३,३७४.७</td>
</tr>
<tr>
<td>५५</td>
<td></td>
<td></td>
<td>विद्यार्थी संख्या फरक परेर भएको भुक्तानी :-<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.३ बमोजिम बुक कर्नर व्यवस्थापनवापत विद्यालयलाई उपलब्ध गराएको समष्टिगत निकासामा विवरणमा तपसिल बमोजिमका विद्यालयका विद्यार्थी संख्या र शिक्षा शाखासँग रहेको विद्यालयले प्रमाणित गरी पठाएको विद्यार्थी संख्या फरक परी तपशिल बमोजिम बढी भुक्तानी भएको देखिदाँ सम्वन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>विवरण</td><td>रकम रु.</td></tr>
<tr><td>आधारभुत विद्यालय रा.न.पा.६</td><td>२८ जना ECD*५००</td><td>१४,०००</td></tr>
</table>
</td>
<td>२६,१००</td>
</tr>
</table>

| | | |
|---|---|---|
| बालमन्दिर आ.बि.रा.न.पा.७ | ४ जना ECD*५०० | २,००० |
| मदरसारहमानिया दारुल रा.न.पा.९ | ७ जना ECD*५०० | ३,५०० |
| आधारभूत विद्यालय दिघवा रा.न.पा.१० | ECD मा ४ जनालाई बढी भुक्तान भएको *५०० | २,००० |
| | १ देखी ५ कक्षा सम्म १६ जनालाई बढी रकम भुक्तान भएको*१५० | २,४०० |
| आधारभूत विद्यालय फसैठ रा.न.पा.११ | सञ्चालन नै नभएको मा.वि तहमा ११ जनालाई भुक्तानी भएको | २,२०० |

५६

**दिवा खाजा वापतको भुक्तानी :-**

८६२,३३५

कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८/०७९ को २.७.११.१ बमोजिम बालबिकास देखी कक्षा ५ सम्म अध्ययनरत सामुदायिक विद्यालयका बालबालिकाहरुका लागि प्रति विद्यार्थी अधिकतम हाजिरीको आधारमा १८० दिनसम्म दिनसक्ने व्यवस्था देखिन्छ । यस नगरपालिकाले तपसिल बमोजिमका विद्यालयलाई दिवा खाजा वापतको रकम भुक्तानी गर्दा १८० दिन भन्दा बढी दिनको रकम भुक्तान गरेको देखिदाँ सो रकम सम्वन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | रकम रु. |
|---|---|
| रा.आ.वि.डुमरी शिवथान | ६४,३९५।- |
| के.अ.मा.वि.राजविराज | ७९,३६५।- |
| आधारभूत विद्यालय गढीया मलेठ | ४९,१४०।- |
| मदरसा रहमानिया दारुल करान जगहारी | १३,०६५।- |
| मदरसा इस्लामिया जेलहरी | १,३२,३९०।- |
| आधारभूत मा.बि.मटिगढी | ७६,३७०।- |
| झल्ली | १०,२६०।- |
| दामावती | १,६५,०८५।- |
| बेशीटोल | ११,०२५।- |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>पिपराही विषहरिया</td><td>१,७०,९७०।-</td></tr><tr><td>मुसर्निया भरुवा</td><td>९०,२७०।-</td></tr></table> | |
| ५७ | १<br>१<br>४ | २०७९-<br>१-१५ | **विद्यार्थी संख्या भन्दा बढी रकम भुक्तानी :-**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.३ बमोजिम विद्यालय सिकाई सामग्री तथा ल्याव व्यवस्थापन प्रति विद्यार्थी लागत अनुदान(९-१२) को कार्यक्रम तर्फबाट नरेन्द्र मेमोरियल ज.मा.वि.लाई १०७ जना विद्यार्थी वापत प्रति विद्यार्थी कार्यक्रम कार्यान्वय कार्ययोजनाले तोकेबमोजिम रु १५०००/- प्रति विद्यार्थिका दरले भुक्तानी भएको देखिन्छ तर सोही विद्यालयको रकम निकासाको लागि पेश गरेको हाजिरी विवरण बमोजिम कक्षा ९ देखी १२ सम्म जम्मा १०१ जनामात्र विद्यार्थी देखिएकोले फरक पर्न गएको ६ जनाको १५,०००।— का दरले हुन आउने रकम नरेन्द्र मेमोरियल ज.मा.वि विद्यालयबाट असुल गर्नुपर्ने देखिएको रु. | ९०,००० |
| ५८ | | | **सेनेटरी प्याड खरिद :-** | |
| ५८.<br>१ | | | सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड वितरणका लागि यस बर्ष पालिकाले रु.१२,९८,०५०।५० (मुल्य अभिवृद्धी कर बाहेक) साहस मेडिकल सप्लायर्स काठमाडौलाई भुक्तानी दिएकोमा सोमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः | |
| ५८.<br>२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामान खरिद गर्नु पुर्व नियम ११ मा उल्लेख भए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानीय वजार दर, अन्य वजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र वा वोलपत्र वाट सामान खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले कुल बजेट खर्चलाई नै लागत अनुमान बनाएको देखियो । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत गराएर मात्र दरभाउपत्र माग गर्नुपर्दछ । | |
| ५८.<br>३ | | | जिन्सी खाता परीक्षण गर्दा अझै पनि पालिकामा १७५५२ प्रति प्याकेट रु.५३.०९ को कुल रकम रु. ९३१,८३५.६८ बराबरको सेनिटरी प्याड मौज्दातमा रहेको देखिन्छ ।यसरी लामो समय मौज्दातमा राख्दा गुणस्तरीयता नहुन सक्ने भएकाले मौज्दातमा रहेको प्याड समयमै सम्बन्धितलाई बितरण गरी सो को भरपाई पेश गर्नुपर्ने देखिएको रु. | ९३१,८३५.<br>६८ |
| ५९ | १<br>१<br>४ | २०७९-<br>१-१५ | **बढी अनुदान रकम भुक्तानी :-**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.१३ बमोजिम विद्यालय अनुदान व्यवस्थापन निर्देशिका,२०७४ उल्लेखित कार्यसम्पादन मुल्याङ्कनका आधारमा विद्यालयको प्रस्तावका आधारमा विद्यालयको कार्यसम्पादन मुल्याङ्कनका आधारमा प्रति विद्यालय Performance Based Grant वापत रु.५०,०००/-का दरले अनुदान दिने भन्ने व्यवस्था देखिन्छ । नगरपालिकाले आधारभूत विद्यालय फसैठलाई कार्यविधिले तोकेको रकम रु.५०,०००।— भन्दा बढी रु. १,५५,०००/- अनुदान दिएको देखिएकोले कार्यविधिले तोकेको भन्दा बढी भुक्तानी भएको रकम रु. १,०५,०००।- संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु. | १०५,००० |

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः-**<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्नानुसारका विद्यालयलाई भवन निर्माणका लागि रकम निकासा गरेकोमा कार्य प्रारम्भ भएपश्चात रनिङ्ग बिलको आधारमा फुकुवा हुने गरी सो रकम नगरपालिकाले रोक्का गरेको देखिन्छ । विद्यालयले भवन निर्माणको कार्य प्रारम्भ गरे नगरेको नगरपालिकाबाट अनुगमन गरी कार्य प्रारम्भ भएको भए सोही बमोजिमको बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.<br><br>**क्र.स.** \| **विद्यालयको नाम** \| **प्रयोजन** \| **रकम रु.**<br>१ \| श्री के.अ.मा.वि.राजविराज \| दुई कोठे भवन \| १८,००,०००।-<br>२ \| श्री राजदेवी ठाकोदेवी जोगेन्द्र भगत मा.वि.राजविराज \| चार कोठे भवन \| ३६,००,०००।-<br>३ \| श्री आधारभूत विद्यालय फर्सैंठ \| दुई कोठे भवन \| १८,००,०००।-<br>**कुल जम्मा** \| **७२००,०००।-** | ७,२००,००० |
| ६१ | | | **शिक्षक तलबी प्रतिवेदन :-** | |
| ६१.१ | | २०७८-६-२३ | शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ अनुसार स्थानीय तहले सम्वन्धित स्थानीय तह अन्तर्गतका बिद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरवन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्नुपर्ने उल्लेख छ । साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षक कितावखानाबाट पारित गराएर मात्रै सोको आधारमा बिद्यालयको तलवी माग फारम समेत रुजु गरी शिक्षक तलव सम्बन्धित बिद्यालयको खातामा निकासा दिनुपर्ने ब्यवस्था छ । नगरपालिकाले यो बर्ष नगरपालिका अन्तर्गत स्थायी र अस्थायी शिक्षक, राहत शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलव, ग्रेड रकम एवं भत्ता यकिन गर्न सकिएन । अतः तलवी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ । | |
| ६१.२ | | | **कट्टी रकमः-** बिद्यालयहरुले त्रैमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो त्रैमासिकमा निकासा भएको रकमबाट तलब भत्ता वितरण गर्दा हाजिरी विवरण, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण समेत पेश गर्नुपर्ने ब्यवस्था छ । तर नगरपालिकामा उपलब्ध अभिलेख अनुसार बिद्यालयहरुबाट त्रैमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो त्रैमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको देखिदैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन । उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ । | |
| ६२ | १९७ | २०७९-३-२४ | **बढी रकम भुक्तानी :-** | ४१,२४७ |

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पोषण विशेष कार्यक्रममा भौचर संलग्न विल भरपाईको जोडजम्मा भन्दा भुक्तानी भएको रकम बढी भई फरक परेको देखिदा खर्च पुष्टी हुने प्रमाण कागजात पूर्ण रुपमा संलग्न नगरी बढी खर्च भएको रकम असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>रकम बैंक खातामा जम्मा गर्नुपर्ने :-<br><br>पोषण सम्वन्धी कार्यक्रमको भुक्तानी गर्दा महिला स्वास्थ्य स्वंयम सेविकालाई स्वास्थ्य शाखा प्रमुख हरिवंश यादवले नगद बुझेको भरपाई गराएको देखिदा स्वंयसेविकाहरुको खाता नम्वर रहि तलव समेत खातामानै जाने गरेकोमा भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम वापतको रकम खातामा जम्मा नगरी नगदै वितरण गर्ने कार्य प्रचलित ऐन नियम विपरित भएकोले यस्तो कार्य नगरी रकमहरु सम्वन्धित कर्मचारीको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६४</td><td>२<br>१<br>०</td><td>२०७९-<br>३-२५</td><td>बढी भुक्तानी :-<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँचगरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य शाखाका लागि सामान खरिदका लागि मिति २०७९/०३/१२ मा माग गरिएको दररेटमा न्युनतम दररेट पेशभई मिति २०७९/०३/१९ मा त्रिवेणी सर्जिकल सप्लायर्स प्रा.लि. सँग ९५८,८२४।-मूल्य अभिवृद्धि कर सहित मा कार्य सम्पन्न गर्ने सम्भौता भएकोमा मु.अ. करविल न.६९ र ७० मा मूल्य अभिवृद्धि कर सहित ९९९,८१४.१४ भुक्तानी भई सम्झौता भन्दा बढी रकम भुक्तानी गरेको देखिदा मूअकर रकम कट्टा गरी बाँकी हुन आउने रु.४०,९९४।- असुल गर्नुपर्ने देखिन्छ ।</td><td>४०,९९४</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>बढी रकम भुक्तानी :-</td><td></td></tr>
<tr><td>६५.<br>१</td><td>७</td><td>२०७८-<br>६-२२</td><td>बढी ग्रेड रकम भुक्तानी :-स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवी प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। पालिकाले पारित गरेको तलवी प्रतिवेदनमा स्वास्थ्यका कर्मचारीहरुको उल्लेखित ग्रेड बृद्धी हुने महिना भन्दा फरक पारी निम्न महिनामा ग्रेड थप गरी भुक्तानी गरिएको देखिदा असुल गर्नुपर्ने रु....
<table>
<tr><th>नाम/ महिना</th><th>श्रावण</th><th>भाद्र</th><th>असोज</th><th>दशैं</th><th>जम्मा रकम</th></tr>
<tr><td>निरन्जन प्रसाद यादव</td><td>१३२९</td><td>१३२९</td><td>१३२९</td><td>०</td><td>२९८७</td></tr>
<tr><td>हरि रोका यादव</td><td>१२६७</td><td>१२६७</td><td>१२६७</td><td>१२६७</td><td>३८०१</td></tr>
<tr><td>कामेश्वर यादव</td><td>१२६७</td><td>१२६७</td><td>१२६७</td><td>१२६७</td><td>३८०१</td></tr>
</table></td><td>१६,३१३</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>निशा मैनाली</td><td>१९०८</td><td>१९०८</td><td>१९०८</td><td>०</td><td>५७२४</td></tr><tr><td colspan="5">जम्मा</td><td>१६३१३</td></tr></table> | |
| ६५.२ | ७ | २०७८-६-२२ | **समायोजन ग्रेड रकम भुक्तानी :-** तलवी प्रतिवेदन पारित हुदाँ समायोजन ग्रेड उल्लेख नभएका तर तलव भत्ता भुक्तानीमा समायोजन ग्रेड वापतको रकम समेत समावेश गरी भुक्तान भएको देखिएका तपसिल बमोजिमकाम कर्मचारीहरुबाट तलवी प्रतिवेदनमा उल्लेख नभएको समायोजन ग्रेड वापतको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु | १५७,७३६ |

| क्र स | कर्मचारीको नाम | समायोजन ग्रेड वापतको रकम |
|---|---|---|
| १ | शिव कुमार यादव | ७०९६ |
| २ | वविता कुमारी साह | ७०९६ |
| ३ | मनोज यादव | ५६४० |
| ४ | आशिष चौधरी | ७५२० |
| ५ | जिवछ मण्डल | ७०९६ |
| ६ | विरेन्द्र कुमार साह | ७०९६ |
| ७ | शिवनाथ गामी | ७५२० |
| ८ | जगनाथ साह | ७०९६ |
| ९ | कन्चन कुमारी साह | ७०९६ |
| १० | माधव कुमारी | ७०९६ |
| ११ | कमला सुवेदी | ७५२० |
| १२ | कुशुम कुमारी साह | ७६३२ |
| १३ | रमेश प्रसाद यादव | ७०९६ |
| १४ | रिकु मिश्र | ७०९६ |

| | | |
|---|---|---|
| १५ | रेणु कुमारी रजक | ७०९६ |
| १६ | राकेश कुमार देव | ७५२० |
| १७ | अनुराधा देवी मण्डल | ७५२० |
| १८ | रोहित कुमार इसर | ७०९६ |
| १९ | रेणु साफी | ७०९६ |
| २० | चन्दन कुमार ठाकुर | ७५२० |
| २१ | दुर्गानन्द दास | ७०९६ |
| २२ | संगिता कुमारी मण्डल | ७०९६ |
| कुल जम्मा | | १५७७३६ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **आमा सुरक्षा कार्यक्रमको प्रतिवेदन :-** <br><br> आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ को परिच्छेद ४ को दफा ४४ मा जिल्ला अस्पताल लगायत जिल्लाका आमा सुरक्षा कार्यक्रम संचालन गर्ने निजी तथा गैर सरकारी अस्पताल सामुदायिक अस्पताल मिसन अस्पताल शिक्षण अस्पताल प्रतिष्ठान लगायत सम्पूर्ण स्वास्थ्य संस्थाबाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रम जिल्ला स्वास्थ्य कार्यालयले अनुसूचि ७ बमोजिमको चेकलिष्ट प्रयोग गरी मासिकरुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आमा सुरक्षा कार्यक्रमको लागि छिन्नमस्ता हस्पिटल प्रा.लि. लाई १४४९,०००।- र अनार भुपेन्द्रनाथ अस्पताल लि. राजविराजलाई रु. २३६२०००।- गरी कुल रु. ३८११,०००।- भुक्तानी भएको छ । प्राप्त विवरणमा आमा सुरक्षा कार्यक्रममा माग गरेको डाटा मात्र प्रविष्ट गरिएको तर अस्पतालको मुल रजिष्ट्रर बीच तथ्याङ्क तथा प्रतिवेदन भिडान नगरिएको आमा सुरक्षा कार्यक्रममा यातायातको रकम भुक्तानी भएको तर शोधभर्ना माग गर्दा मासिक रजिष्ट्ररसँग भिडान नगरीएको व्यहोराबाट आमा सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको नदेखिंदा प्रभावकारी रुपमा संचालनको सुनिश्चिता गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ । | |
| ६७ | ८० | २०७८-१२-८ | **खर्च रकम भन्दा बढी भुक्तानी :-** <br><br> आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पशु विकास कार्यक्रम अन्तर्गत कृतिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरेवापत पशु विकास शाखाका कर्मचारी परमेश्वर यादवलाई करकट्टी बाहेक रु.६६,५४९।-भुक्तानी गरेको देखिन्छ । | ३,०७८.८ |

| | | | | |
|---|---|---|---|---|
| | | | तर भौचर संलग्न बिल भरपाईको जोडजम्मा रु.६३,४७०।२० मात्र रहेको देखिदा बढी हुन आएको रकम कर्मचारी परमेश्वर यादवबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | |
| ६८ | १९८ | २०७९-३-२५ | **प्रधानमन्त्री रोजगार कार्यक्रम :-**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम यस नगरपालिकाको वडा न. १४ र १५ मा बाटो तथा कुलो पैनी मर्मत सम्भारका ४ वटा योजनामा १७९ जनालाई ज्याला वापत रु.१९,३५,२५८।— खर्च भएकोमा सो कर्यक्रमले अल्पकालीन औषतमा १८.७३ दिन रोजगारीको सृजना भएको भएपनि दीर्घकालीन रुपमा रोजगारी सृजना हुने देखिएन । कार्यक्रम छनौट गर्दा तथा बेरोजगारीको सूची अद्यावधिक गर्दा निर्देशिकाले तोकेका व्यवस्थाहरु परिपालना गर्दै दिगो रोजगारी सृजना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६९ | ६, ८ | २०७८-५-३ | **अग्रिम कर कट्टाः**<br><br>आयकर ऐन, २०५८ को दफा ८९( ३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानीमा एक दशमलव पाँच प्रतिशतले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडा नं २ को स्वास्थ्य भवन निर्माण उपभोक्ता समितिलाई रु. ५३,५०,८५३।०० तथा वडा नं ८ को स्वास्थ्य भवन निर्माण उपभोक्ता समितिलाई रु.५३,३३,२८४।६१ भुक्तानी गर्दा १.५% ले हुने कर रकम क्रमसः रु.८०,२६३।०० तथा रु. ८०,०००।०० समेत रु.१,६०,२६३।०० कट्टा नगरी भुक्तनी गरेकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने देखिएको रु. | १६०,२६३ |
| ७० | | | **बिल भरपाईः** | |
| ७०.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले ठेक्का नं ०६।०७७।०७८ को लागत अनुमान रु.४०,४५,१५०।७५ भएको ६ नं वडा कार्यालय भवन निर्माणको लागि निर्माण व्यवसायी श्री बाबा धर्मराज कन्स्ट्रक्सन प्रा.लि.सँग म्याद थप समेत मिति २०७९।१२।०३ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।०३।०३ गते रू.२१.५८.८२१।४२ (मू.अ.कर समेत) मा सम्झौता भएकोमा अन्तिम बिलसम्म रु.१९,४२,१८८।७४ भुक्तानी भएकोमा ल्याब टेष्टको बिल भरपाई वेगर प्रोभिजनल सम आईटममा रहेको ल्याब टेष्टको रु.१५,०००।०० रकम भुक्तानी दिएकोले सो खर्चलाई पुस्टयाई गर्ने बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु. | १५,००० |
| ७०.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाले ठेक्का नं ०४।०७७।०७८ को लागत अनुमान रु.७८,५६,०९०।७४ भएको १३ नं वडा कार्यालय भवन निर्माणको लागि निर्माण व्यवसायी श्री मल्टिटेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०११९६७३५) सँग मिति २०७८।०९।०२ सम्म सम्पन्न गर्ने गरी मिति २०७७।१२।०३ गते रू.४६,३९,४६८।२७ (मू.अ.कर समेत) मा सम्झौता भएकोमा अन्तिम बिलसम्म रु.४५,४५,९७३।८० भुक्तानी भएकोमा ल्याब टेष्टको बिल भरपाई वेगर प्रोभिजनल सम आईटममा रहेको ल्याब टेष्टको रु .१५,०००।०० रकम भुक्तानी दिएकोले सो खर्चलाई पुस्टयाई गर्ने बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु. | १५,००० |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **अधुरो योजनाः**<br><br>सार्वजनिक खरिद ऐन कानुन बमोजिम सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछिकार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिसँग भएकोसम्झौता बमोजिम तोकिएको सम्पूर्ण कार्य नगर्दा सर्वसाधारण नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव नपर्ने तथा खर्चको उपयोगिता समेत नदेखिने हुनाले अधुरो निर्माणकार्यलाई समेत कार्यसम्पन्न प्रतिवेदन तयार गरेको केही उदाहरण देहाय बमोजिम छन्। अतः नगरपालिकाले अधुरो कार्यलाई समेत कार्यसम्पन्न प्रतिवेदन तयार गर्नेपरिपाटीमा सुधार गर्नुपर्दछ । | |
| ७१.१ | | | शिवथान टोलमा नदीको बगरमा कल्भर्ट निर्माण कार्यको लागि लागत अनुमान रु.५,५७,२६४३।०० भएकोमा विभिन्न काम नगरी रु.३,७६,०१२८।०० को मात्रै काम गरी उपभोक्ताको अंश कट्टा गरी रु.३२,८२,२५३।०० भुक्तानी गरि कार्यसम्पन्न नहुदै कार्यसम्पन्न प्रतिवेदन तयारी गरेकोले नियमसम्मत देखिएन । | |
